"शिक्षा, कृषि, पर्यटन र पुर्वाधार, समृद्ध छथर निर्माणको आधार"

# छथर गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## शुक्रबारे, तेह्रथुम

१ नं. प्रदेश नेपाल

सूचना नं. ०३/०७५-०७६ मिति : २०७५/०५/०७

यस कार्यालयको मिति २०७५/०५/०३ को निर्णयानुसार छथर गाउँपालिकामा रहेका विभिन्न माध्यमिक विद्यालय र वडा कार्यालयहरुमा प्रतियोगितात्मक परीक्षाद्वारा निम्न पदहरुमा सेवा करारमा पूर्ति गर्नु पर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका उम्मेद्वारहरुबाट दरखास्त आव्हान गरिन्छ।

**निम्न :**

| सि.नं. | वि.नं. | पद | खुला /समाबेशी | माग पद संख्या | जम्मा माग पद संख्या |
|---|---|---|---|---|---|
| १. | ०१/०७५-७६ | सहायक कम्प्यूटर अपरेटर | खुला | ६ (छ) | ६ (छ) |
| २. | ०२/०७५-७६ | सहायक कम्प्यूटर अपरेटर | महिला | २ (दुई) | २ (दुई) |
| ३. | ०३/०७५-७६ | सहायक कम्प्यूटर अपरेटर | आदिवासी/जनजाती | १ (एक) | १ (एक) |
| ५. | ०४/०७५-७६ | सहायक कम्प्यूटर अपरेटर | दलित | १ (एक) | १ (एक) |
| ६. | ०५/०७५-७६ | प्लम्बर | खुला | ८ (आठ) | ८ (आठ) |
| ७. | ०६/०७५-७६ | प्लम्बर | महिला | ३ (तीन) | ३ (तीन) |
| ८. | ०७/०७५-७६ | प्लम्बर | आदिवासी/जनजाती | २ (दुई) | २ (दुई) |
| १०. | ०८/०७५-७६ | प्लम्बर | दलित | १ (एक) | १ (एक) |

**क) परीक्षाको किसिम** : लिखित, सूचना प्रविधि सीप परीक्षण/प्रयोगात्मक परीक्षा र अन्तर्वार्ता।

**ख) परीक्षा केन्द्र :** श्री छथर गाउँ कार्यपालिकाको कार्यालय, शुक्रबारे, तेह्रथुम।

**ग) दरखास्त दस्तुर :** प्रत्येक विज्ञापनको लागि दरखास्त दस्तुर रु ३००।- (तीन सय रुपैया) बुझाउनु पर्नेछ। समावेशी समूह तर्फका थप विज्ञापनमा आवेदन दिने उम्मेदवारको हकमा प्रत्येक थप समूहको लागि रु १५०।- (एक सय पचास रुपैया) थप दस्तुर बुझाउनु पर्नेछ।

**घ) दरखास्त बुझाउने स्थान :** श्री छथर गाउँ कार्यपालिकाको कार्यालय, शुक्रबारे, तेह्रथुम।

**ङ) दरखास्तको माध्यम** : दरखास्त फाराम यस कार्यालयको वेवसाइट www.chhatharmun.gov.np बाट डाउनलोड गरी यस कार्यालयमा पेश गर्नु पर्नेछ। साथै यस कार्यालयबाट समेत प्राप्त गर्न सकिनेछ।

**च) दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरु :** शैक्षिक योग्यताको प्रमाणपत्रका साथै अनुभव आवश्यक पर्ने, समकक्षता आवश्यक पर्ने तथा समावेशी समूहका विज्ञापनमा आवेदन गर्ने उम्मेदवारहरुको हकमा समावेशी समूह उल्लेख गरी प्रमाणित गरेको कागजात आफैले प्रमाणित गरी पेश गर्नुपर्नेछ।

**छ) दरखास्त दिने अन्तिम मिति :** २०७५/०५/१३ गते सम्म र दोव्वर दस्तुर तिरी २०७५/०५/१६ सम्म।

**ज) लिखित परीक्षा मिति :** दरखास्त दिने समय समाप्त भए पछि प्रकाशित गरिनेछ।


Email: chhathargaupalika@gmail.com/ website: www.chhatharmun.gov.np

**झ) अन्तर्वार्ता मिति :** लिखित परीक्षाको नतिजा प्रकाशन हुँदा सूचना प्रकाशित गरिनेछ ।

**ञ) सेवा सुविधा :** सहायक कम्प्यूटर अपरेटर पदको लागि मासिक पारीश्रमिक रु १८,०००।०० (अक्षरेपी अठाह्र हजार रुपैया मात्र) र प्लम्वर पदको लागि मासिक पारीश्रमिक रु १२,०००।०० (अक्षरेपी बाह्र हजार रुपैया मात्र) उपलव्ध हुनेछ ।

**ट) उम्मेदवारको उमेरको हद : २०७५/०५/१३ सम्म १८ वर्ष भुरा भै ३५ बर्ष ननाघेको र महिला तथा अपाङ्ग उम्मेदवारहरुको हकमा ४० वर्ष ननाघेको ।**

**आवश्यक न्यूनत्तम योग्यता :**

**क) सहायक कम्प्यूटर अपरेटर पदको लागि :** मान्यता प्राप्त शिक्षण सस्थाबाट कम्प्यूटर विषय लिई एस.एल.सी. वा सो सरह उत्तिर्ण । वा मान्यता प्राप्त शिक्षण सस्थाबाट एस.एल.सी. वा सो सरह उत्तिर्ण गरी रजिष्टर्ड संस्थाबाट कम्तिमा ३ महिनाको कम्प्यूटर तालिम प्राप्त वा मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी विज्ञान तथा प्रविधि मन्त्रालयबाट Semi Skilled Man power को लागि सञ्चालित तीन महिनाको कम्प्यूटर तालिम प्राप्त ।

**ख) प्लम्बर पदको लागि :** मान्यता प्राप्त शिक्षण संस्थाबाट प्लम्बर सम्बन्धी आधारभूत तालिम प्राप्त गरेको ।

**नोट** : ग्रेडिङ्ग प्रणाली लागु भए पश्चात एस.एल.सी. वा सो सरह परीक्षा उत्तिर्ण गर्ने उम्मेदवारहरुको हकमा GPA 2 वा सो भन्दा माथिको ग्रेड प्वाइन्ट प्राप्त गरेकोलाई न्यूनत्तम योग्यता पूरा गरेको मानिनेछ ।

**(सूर्यबहादुर भण्डारी)**
**प्रमुख प्रशासकीय अधिकृत**